राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ६२३/२०७२/०७३

निर्णय नं. ८१०

जिल्ला धनुषा, गा.वि.स. हंसपुर कठपुल्ला–९ बस्ने राजन कुमार सिंह ........................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला प्रहरी कार्यालय, धनुषा..............................................................१ प्रत्यर्थी

सूचना अधिकारी, जिल्ला प्रहरी कार्यालय, धनुषा..............................................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला धनुषा, गा.वि.स. हंसपुर कठपुल्ला–९ बस्ने राजन् कुमार सिंहले जिल्ला प्रहरी कार्यालय, धनुषा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१२।२१ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला प्रहरी कार्यालय, धनुषाका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. यस जिल्ला प्रहरी कार्यालयको प्रयोजनका लागि भनी हाल कतिवटा सवारी साधनहरु छन् । ती सवारी साधनको प्रयोग, इन्धन खर्च सहितको विस्तृत विवरण ।